प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन**

मितिः २०७७/०६/०३
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ५७०, भक्तपुरमा ८१, ललितपुरमा ५८, मकवानपुरमा १८, धादिङमा १३, रामेछापमा ९, चितवनमा ७, काभ्रेपलान्चोकमा ७, सिन्धुलीमा ६, दोलखामा ५, सिन्धुपाल्चोकमा ४ र नुवाकोटमा ४ गरी जम्मा ७८२ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी ( Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।
- सातदोबाटो, ललितपुर निवासी ७६ वर्षिया महिलाको असोज २ गते पाटन अस्पताल, ललितपुरमा निधन भएको छ। निमोनिया, स्तन क्यान्सरले ग्रसित उहाँ भाद्र २० गते अस्पताल भर्ना भई उपचारको क्रममा हुनुहुन्थ्यो। (उहाँको नमुना परिक्षण गर्दा भाद्र १९ गते कोभिड-१९ पुष्टि भएको थियो) । मंगलबजार, ललितपुर निवासी ६८ वर्षिया महिलाको असोज २ गते पाटन अस्पताल, ललितपुरमा निधन भएको छ। भाद्र २७ गते भर्ना भई उपचाररत उहाँ मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो । (उहाँको नमुना परिक्षण गर्दा भाद्र २६ गते कोभिड-१९ पुष्टि भएको थियो) । मनोहरा-५, काठमाण्डौ निवासी ७७ वर्षिया महिलाको आज श्री वीरेन्द्र अस्पताल, छाउनीमा निधन भएको छ । श्वास्प्रस्वास सम्बन्धि समस्या, निमोनिया र दमले ग्रसित उहाँ भाद्र २ गते अस्पताल भर्ना भई उपचाररत हुनुहुन्थ्यो । (उहाँको नमुना परिक्षण गर्दा भाद्र २६ गते कोभिड-१९ पुष्टि भएको थियो) । त्यस्तै धुम्बाराही, काठमाण्डौ निवासी ७५ वर्षिया पुरुषको भाद्र ३१ गते वयोधा अस्पातल, ललितपुरमा निधन भएको छ । (श्वास्प्रस्वासमा कठिनाई, निमोनिया, कलेजोको समस्या र प्रोस्टेटको समस्याले ग्रसित उहाँ भाद्र १९ गते अस्पताल भर्ना भई उपचार हुने क्रममा हुनुहुन्थ्यो । उहाँको नमुना परिक्षण गर्दा भाद्र १९ गते कोभिड-१९ पुष्टि भएको थियो) । मकवानपुर निवासी ३७ वर्षिया महिलाको असोज २ गते पाटन अस्पताल, ललितपुरमा निधन भएको छ । श्वास्प्रस्वासको समस्या भई उहाँ असोज १ गते अस्पताल भर्ना हुनुभएको थियो । (उहाँको नमुना परिक्षण गर्दा भाद्र ३० गते कोभिड-१९ पुष्टि भएको थियो) । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको बत्तीस प्रतिशत (३२.२०%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।

- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ६२७९७ (१००%) | २०२२४ (१००%) |
| निको भएको | ४५२६७ (७२.१%) | १०५३६ (५२.१%)* |
| उपचाररत | १७१२९ (२७.३%) | ९५५० (४७.२%)* |
| मृत्यु भएको | ४०१ (०.७%) | १३८ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/०३ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/०३ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ८६७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ५०४ जना बस्दै आउनुभएको र १३१९ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३२२० वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७३९ जना (होम आइसोलेसन सहित) बस्दै आउनुभएको छ । आजको मिती सम्मको विवरण अनुसार यस प्रदेशमा ८२६५१ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | 1050 | 113 | 267 | 1347 | 2174 | 26466 | 570 | 13013 |
| ललितपुर | 371 | 31 | 80 | 289 | 208 | 2357 | 58 | 1486 |
| भक्तपुर | 105 | 6 | 165 | 331 | 129 | 7388 | 81 | 1358 |
| रसुवा | 255 | 6 | 0 | 35 | 1 | 856 | | 20 |
| नुवाकोट | 953 | 45 | 6 | 40 | 11 | 4288 | 4 | 139 |
| धादिङ | 315 | 10 | 20 | 104 | 30 | 3109 | 13 | 371 |
| चितवन | 2465 | 73 | 471 | 355 | 930 | 15779 | 7 | 1681 |
| सिन्धुली | 392 | 40 | 16 | 43 | 4 | 2696 | 6 | 109 |
| मकवानपुर | 407 | 12 | 4 | 300 | 160 | 8431 | 18 | 1229 |
| रामेछाप | 490 | 65 | 49 | 98 | 12 | 1329 | 9 | 136 |
| दोलखा | 193 | 6 | 6 | 44 | 8 | 2068 | 5 | 116 |
| काभ्रेपलान्चोक | 892 | 55 | 132 | 178 | 68 | 4259 | 7 | 424 |
| सिन्धुपाल्चोक | 789 | 42 | 103 | 56 | 4 | 3625 | 4 | 142 |
| जम्मा | 8677 | 504 | 1319 | 3220 | 3739 | 82651 | 782 | 20224 |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर.  परीक्षणको विवरण


प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २३२७२ | २१९ | १६२ | ३५ जना: मकवानपुर-१५, सिन्धुली-२, चितवन-१, फलोअप-१७ | १२७ | |

धुलिखेल स्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको  विवरण यस प्रकार रहेको छ:


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/०२

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/०२

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश:** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड १९ संकट ब्यबस्थापन केन्द्र:** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा:** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठननेपाल:** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई